# आस्वा प्रणाली अनिवार्य तथा डिम्याटखाता सम्वन्धी बोर्डको जरुरी सूचना ।

धितोपत्रको सार्वजनिक निष्काशनमा धितोपत्र खरिद प्रक्रियालाई छिटो छरितो, सहज तथा पारदर्शी वनाउन गत माघ देखि लागू गरिएको आस्वा प्रणाली यही २०७४ श्रावणदेखि अनिवार्य गरिएकोमा यस प्रणालीको पूर्ण कार्यान्वयनको लागि आस्वा सम्वन्धी निर्देशिका वमोजिम बोर्डवाट अनुमति प्राप्त बैक तथा वित्तीय संस्थाहरु मार्फत मात्र धितोपत्र खरिद आवेदन दिने/लिने व्यवस्था गर्न सम्पूर्ण लगानीकर्ता र अनुमति प्राप्त संस्थाहरुलाई जानकारी गराईन्छ ।

यसैगरी आस्वा प्रणाली र बाँडफाँट प्रणालीको कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा लगानीकर्ता एवं बजारको दीर्घकालीन हितलाई समेत दृष्टिगत गरी लगानी व्यवस्थापनमा सहभागी भएका लगानीकर्ताको हकमा लगानी व्यवस्थापन अनुसार र अन्यको हकमा बढीमा दुई डिम्याट खाता खोल्न सक्ने व्यवस्था गरिएको र हाल दुई भन्दा बढी डिम्याट खाता भएमा बढीमा दुई डिम्याट खाता कायम गर्न २०७४ भाद्र मसान्तसम्म समयावधि प्रदान गरिएको तथा सो अनुसार धितोपत्र हस्तान्तरण गर्दा शूल्क नलाग्ने र लगानी व्यवस्थापनको लागि खोलिएको डिम्याट खाता बन्द गरेमा उक्त खाता बन्द गर्ने जिम्मेवारी सम्बन्धित लगानी व्यवस्थापकको हुने व्यहोरा समेत सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

आस्वामा आवद्ध सस्थाहरुको नाम www.sebon.gov.np मा हेर्न सकिने छ ।

**नेपाल धितोपत्र वोर्ड**
जावलाखेल, ललितपुर ।
फोन न.०१ ५५४१०५७